# जातीय समानता बढाउनको लागि
# विद्‌यमान र योजनाबद्‌ध उपायहरू
# ਕਿੱਤਾਮੁਖੀ ਬੋਲ਼ੇਪਣ ਮੁਆਵਜ਼ਾ ਬੋਰਡ

व्यवसायिक बहिरापन क्षतिपूर्ति बोर्ड (बोर्ड) मानिसहरूलाई उनीहरू रोजगारीमा उनीहरू आवाजको कारणले बहिरोपनबाट पीडित भएकाहरूलाई क्षतिपूर्ति दिनको लागि व्यवसायिक बहिरापन (क्षतिपूर्ति) अध्यादेश अन्तर्गत स्थापना गरिएको थियो । बोर्डले व्यवसायिक बहिरापन (OD) बाट जोगाउनको लागि शैक्षिक र प्रचार कार्यक्रमहरू पनि सञ्चालन गर्छ र वित्तपोषण गर्छ ।

## क. OD क्षतिपूर्ति अनुप्रयोग र सुन्ने क्षमताको संरक्षण प्रवर्धन

| | |
|---|---|
| सरोकार भएका सेवाहरू | • OD क्षतिपूर्तिको लागि आवेदनको प्रक्रिया र निर्धारण गर्छ र सुन्ने क्षमता जोगाउनको लागि जनचेतना अभिवृद्‌धि गर्छ । |
| विद्‌यमान उपायहरू | • बोर्डले चिनियाँ र अंग्रेजीमा सेवाहरू प्रदान गर्छ ।<br>• क्षतिपूर्ति र लगनशीलताको प्रमाणपत्रको लागि आवेदन दिनको लागि मुख्य आवेदन फारमहरू चिनियाँ र अंग्रेजी दुबैमा उपलब्ध छ । आवश्यकता अनुसार फरक पृष्ठभूमिका आवेदकहरूको लागि मौखिक र लिखित अनुवाद सेवाहरूको व्यवस्था गरिनेछ । |
| भविष्यका कार्यको आंकलन | • बोर्डले समय-समयमा विभिन्न पृष्ठभूमिबाट आवेदकहरूको लागि सेवाहरूको समीक्षा गर्नेछ र उपयुक्त सुधार गर्नेछ ।<br>• बोर्डले विभिन्न पृष्ठभूमिका व्यक्तिहरूलाई आवश्य अन्य सेवाहरूको आंकलन गर्नको लागि उनीहरूले प्रयोग गरेका सेवाहरूको डाटा र तथ्यांक (गैर-व्यक्तिगत डाटा) संकलन गर्छ । |
| लिइएका / लिनुपर्ने थप उपायहरू | • OD क्षतिपूर्ति र सुन्ने क्षमता संरक्षणको सूचना पुस्तिका र प्याम्प्लेटहरू निम्न आठ भाषाहरूमा (इन्डोनेसियाली, नेपाली, उर्दू, पंजाबी, तागालग, थाई, हिन्दी र भियतनामी) अनलाइनको साथै ODCB कार्यालयको सेवा काउन्टरमा छापिएको प्रतिलिपिहरू प्रदान गरिन्छ ।<br>• बोर्डले चिनियाँ वा अंग्रेजी नबोल्ने OD आवेदकहरू र तिनीहरूको परिवारका सदस्यहरूको लागि जातीय अल्पसंख्यक बासिन्दाहरूको सद्‌भाव र संवर्धन केन्द्र बाट नि:शुल्क मौखिक अनुवाद सेवाहरूको लागि आवेदन गरेको छ । सेवाको प्रबर्धन गर्न कार्यालय भित्र स्पष्ट |

देखिने स्थानहरूमा अन्य प्रमुख भाषाहरू (जस्तै, टागलग, बहासा इन्डोनेसियाली, थाई, हिन्दी, उर्दू, नेपाली, पंजाबी र भियतनामी) मा सूचना प्रदर्शन गरिनेछ ।

**ख. कर्मचारीको लागि प्रशिक्षण**

| | |
|---|---|
| सरोकार भएका सेवाहरू | • जातीय संवेदनशीलता र जातीय विभेद अध्यादेशको बुझाई सम्बन्धमा हाम्रा कर्मचारीहरूको जनचेतना अभिवृद्धि गर्न । |
| लिनुपर्ने उपायहरू | • बोर्डले समान अवसर आयोग र समबन्धित गैर-सरकारी संस्थाहरूद्वारा प्रदान गरिने उपयुक्त तालिम कार्यक्रमहरू मार्फत कर्मचारीहरू जाने व्यवस्था मिलाउनेछ । |

जातीय समानता प्रवर्धन गर्नको लागि हाम्रो विद्यमान र योजना गरिएका उपायहरूको बारेमा सोधपुछको लागि, कृपया संचालन निर्देशकलाई निम्न च्यानलहरू मार्फत सम्पर्क गर्नुहोस् :


| | | |
|---|---|---|
| टेलि. | : | 2723 1288/2723 1928 |
| फ्याक्स | : | 2581 4698 |
| इमेल | : | contact@odcb.org.hk |
| ठेगाना | : | ,Cheung Yue Street 10 ,Billion Plaza II ,F/15 ,B-Office A Hong Kong ,Kowloon ,Cheung Sha Wan |


**ਵਿੱਤਾਮੁਖੀ ਬੋਲ਼ੇਪਣ ਮੁਆਵਜ਼ਾ ਬੋਰਡ**
**जनवरी 2021**